नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
**महाराजगञ्ज, काठमाडौं ।**

**मिति:** २०७९/११/१४ गते।

## प्रेस विज्ञप्ती- ६६

### "बाल यौन शोषण कार्यमा संलग्न विदेशी नागरिक पक्राउ"

जिल्ला ललितपुर, ल.पु.म.न.पा. वडा नं. २२ वुंगमती स्थित कोका न्यू प्युरी एण्ड म्याट्रेस कम्पनी संचालन गरी वस्दै आएका वर्ष ४९ को YANG LI MING भन्ने चाईनिज नागरिकले फेसबुक मार्फत कलिला उमेरका नाबालिकाहरु संग चिनजान गरी साथि बनाई यातायात खर्च दिई काठमाण्डौ बोलाई बिभिन्न मनोरञ्जनात्मक गतिबिधिहरु ( क्लव, डिस्को तथा रेस्टुरेन्टमा लग्ने ) मा संलग्न गराउनुका साथै आर्थिक तथा अन्य प्रलोभन देखाई यौन शोषण गर्ने गरेको भन्ने विशेष सूचनाको आधारमा अं बर्ष १४ देखी १७ बर्षका ६ जना नाबालिकहरु मध्ये २ जनालाई बुङमती स्थित निजको आफ्नै अपार्टमेन्टमा लगि यौन शोषण गरिसकेको घटनाको अनुसन्धान गर्दै जाँदा अन्य ४ जना बालिकाहरुलाई ठमेल स्थित एक होटलमा ललाईफकाई राखिएको अबस्थामा उद्वार गरी पिडित बालिकाहरुलाई सामाजिक संस्थाको संरक्षणमा राखिएको र निज पिडकलाई आवश्यक कानूनी कारबाहीको लागी जिल्ला प्रहरी परिसर ललितपुरमा पठाईएकोमा जबरजस्ती करणी शिर्षकमा मुद्दा दर्ता गरी सम्मानित जिल्ला अदालतबाट ३ दिनको म्याद लिई आवश्यक अनुसन्धान भईरहेको व्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिबादी:**

नाम: YANG LI MING
उमेर:४९ बर्ष
ठेगाना: जिल्ला ल.पु.म.न.पा. वडा नं. २२ वुंगमती
पक्राउ मिति:२०७९/११/१३
पक्राउ स्थान: जिल्ला ल.पु.म.न.पा. वडा नं. २२ वुंगमती।



**उप निर्देशक**
(संजय सिंह थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर:९८५१२८११५८
मिति २०७९/११/१४ गते।